प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

प्रदेश नं. १, विराटनगर, नेपाल

# सूचीदर्ता गर्ने सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।०५।०४

यस मन्त्रालयको लागि आ.व. २०७५।०७६ मा आवश्यक पर्ने सामान तथा सेवा उपलव्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुको लागि सार्वजनिक खरिद नियमावलीको नियम १८ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुले फर्म दर्ता, नवीकरण, मु.अ.कर दर्ता तथा आ.व. २०७३।०७४ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपी तथा आफुले उपलब्ध गराउन चाहेको सेवाको संक्षिप्त व्यहोरा स्पष्ट उल्लेख गरी यस मन्त्रालयको खरिद इकाईमा निवेदन पेश गरी मौजुदा सूचीमा सूचीदर्ता गराउनु हुन अनुरोध छ ।

<u>कामको विवरण</u>

**(क) खरिद तथा आपूर्ति**

- स्टेशनरी, मलसन्द, पत्रपत्रिका आपूर्ति तथा छपाई
- फर्निचर तथा फर्निसिङका सामानहरु आपूर्ति, खानेपानी आपूर्ति, सूचना प्रकाशन तथा प्रसारण
- मेशिनरी औजार, इलेक्ट्रोनिक्स सामानहरु (कम्प्यूटर, ल्यापटप, प्रिन्टर, क्यामेरा, स्क्यानर, प्रोजेक्टर, फोटोकप मेशिन आदि) तथा तिनका पार्टपुर्जा आपूर्ति
- सवारी साधन तथा तीनका पार्टपुर्जा आपूर्ति

**(ख) निर्माण तथा मर्मत**

- भवन तथा अन्य सार्वजनिक निर्माण तथा मर्मत
- धारा तथा विजुली मर्मत
- मेशिनरी औजार तथा इलेक्ट्रोनिक्स सामान(कम्प्यूटर, ल्यापटप, क्यामेरा, प्रिन्टर, स्क्यानर, प्रोजेक्टर, फोटोकप मेशिन आदि) मर्मत
- फर्निचर तथा फर्निसिङका सामान मर्मत
- सवारी साधन मर्मत

**(ग) सेवा र परामर्श**

- उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन, वातावरण, जलवायू परिवर्तन अनुकुलन, जैविक विविधता, विज्ञान प्रविधि जस्ता विषयमा विविध परामर्श सेवा
- वेभ पेज सफ्टवेयर निर्माण तथा जडान सम्वन्धी सेवा
- उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन, वन, वातावरण, जलवायू परिवर्नत अनुकुलन, जैविक विविधता, विज्ञान प्रविधि जस्ता विषयमा अध्ययन अनुसन्धान
- सूचना प्रविधि सम्वन्धी तालीम तथा क्षमता अभिवृद्धि सम्वन्धी सेवा
- पर्यटकीय स्थलहरुको पूर्वाधार विकास, पदमार्ग निर्माण, जलमार्ग संचालन, जैविक विविधता संरक्षण, खनिज तथा खनिज जन्य पदार्थको उत्खनन, सूचना प्रविधि पार्क स्थापना, केवल कार स्थापना तथा संचालन, शाहसिक पर्यटन प्रवर्द्धन, विशेष आर्थिक क्षेत्र स्थापना जस्ता विषयको सम्भाव्यता अध्ययन/डि पि आर तयारी/गुरु योजना तयारी/त्यस्ता अध्ययनको लागि कार्यक्षेत्रगत सर्त (ToR) तयार गर्ने

**नोटः परामर्श सेवाको लागि सूचीकृत हुन चाहने इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी, संस्थाहरुले माथि उल्लेखित कागजातको अतिरिक्त अध्ययन अनुसन्धानको क्षेत्रमा रहेको आफ्नो अनुभव सम्वन्धी विवरण, उपलव्ध कर्मचारी, विशेषज्ञको योग्यता, अनुभव खुल्ने वायोडाटा समेत पेश गर्नु पर्नेछ ।**